आज मिति २०८१/७/०७ गते विपद् जोखिम न्यूनीकरण मार्फत समुदायको उत्थानशीलता अभिबृद्धीको क्षेत्रमा क्रियाशील विकास साझेदार, संयुक्त राष्ट्रसंघका निकाय, निजीक्षेत्र लगायतका संघ संस्थाको साझा मञ्चको रुपमा रहेको राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० को बुँदा नम्बर ५.२ बमोजिम गठित Early recovery Cluster को बैठक मन्त्रालयका नि.सचिव श्री काली प्रसाद पराजुलीको संयोजकत्व तथा निम्न प्रतिनिधिको उपस्थितिमा बसि तपशिल बमोजिमको वियषमा छलफल गरि निर्णय गरियो ।

<u>छलफल तथा निर्णयः</u>

१) असोज १० देखि १२ गते भएको अतिभारी र भारी वर्षाबाट प्रभावितहरुको शीघ्र सामाजिक आर्थिक पुनर्लाभ सम्बन्धमा स्थानीय तहमा कृयाशील सरकारी निकाय, निजीक्षेत्र, विकास साझेदार, गै.स.स., नेपाल रेडक्रस सोसाइटी, लगायत क्षेत्रबाट सञ्चालन भएको कामहरुको समीक्षा गरियो ।

२) Early recovery Cluster का भावि काम कारबाहीहरु Cluster ले निर्धारण गरेको प्राथमिक क्षेत्रहरुमा रहेर गर्ने र सो काम गर्दा स्रोतको एकीकृत परिचालन गरी दोहोरोपना हटाई एकरुपता कायम गर्ने ।

३) संयुक्त राष्ट्रसंघका निकाय, विकास साझेदार, नेपाल रेडक्रस सोसाइटि, निजीक्षेत्र लगायतका संघ संस्थाहरुलाई Cluster ले निर्धारण गरेको प्राथमिक क्षेत्रहरुमा कुन-कुन पालिकामा के-के कृयाकलापहरु संचालन गर्ने हो सो को आ-आफ्ना कृयाकलापहरु अध्यावधिक गरी समावेश गर्न अनुरोध गर्ने र एकीकृत प्रतिवेदन गर्ने व्यवस्था मिलाउने ।